# सिद्धार्थनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**सूचना नं.: २/२०८१/०८२** **(प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/१२/११)**

यस नगरपालिकाको लागि देहायको पदमा सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले देहायका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिनभित्र (मिति २०८१/१२/२५ गते कार्यालय समयभित्र) राजश्व तिरेको रसिद संलग्न राखी रित पूर्वक कार्यालयको प्रशासन महाशाखामा दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**विज्ञापित पदहरूको सङ्क्षिप्त विवरण**

| सि.नं. | विज्ञापन नं. | पदको नाम | सेवा/समुह | तह | माग पद संख्या | लिखित परीक्षा मिति |
|---|---|---|---|---|---|---|
| १. | ८/२०८१/०८२ | प्राविधिक सहायक | (ईन्जिनियरिङ्ग/ सिभिल) (प्रधानमन्त्री रोजगार कार्यक्रम) | पाँचौं | १ (एक) | २०८२/१/२२ गते दिनको २:०० बजे (प्रारम्भिक योग्यताक्रम सूचीमा पर्न सफल भएका उम्मेदवार मात्र) |
| २. | ९/२०८१/०८२ | सहायक कम्प्युटर अपरेटर | विविध | चौथो | १३ (तेह्र) | २०८२/१/२३ गते दिनको २:०० बजे |
| ३. | १०/२०८१/०८२ | कार्यालय सहयोगी | प्रशासन | तहविहिन | १३ (तेह्र) | २०८२/१/२५ गते दिनको २:०० बजे |

- **परीक्षाको किसिमः**
  १. **प्राविधिक सहायक ईन्जिनियरिङ्ग/सिभिल (प्रधानमन्त्री रोजगार कार्यक्रम) को लागि** प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा ।
  २. सहायक कम्प्युटर अपरेटर पदको लागि लिखित, प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा ।
  ३. कार्यालय सहयोगीको हकमा लिखित र अन्तर्वार्ता परीक्षा ।
- **परीक्षाको माध्यमः-** परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुबै हुनेछ।
- **दरखास्त दस्तुरः-** सहायकस्तर पाँचौं तहको लागि रु. १०००।- (एक हजार), सहायकस्तर चौथो तहको लागि रु. ७००।- (सात सय) र तहविहिनको लागि रु. ५००।- (पाँच सय) बुझाउनु पर्नेछ।
- **सेवा सुविधाः-** नगरपालिकाले तोके बमोजिम हुनेछ ।
- **उम्मेदवारको उमेरको हदः-** मिति २०८१।१२।११ गतेसम्म १८ वर्ष उमेर पूरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको तथा प्राविधिक सहायक पाँचौं तहको (ईन्जिनियरिङ्ग/ सिभिल) (प्रधानमन्त्री रोजगार कार्यक्रम) हकमा मिति २०८१।१२।११ गतेसम्म १८ वर्ष उमेर पूरा भै ४५ वर्ष ननाघेको ।
- **पेस गर्नुपर्ने कागजातहरुः-** दरखास्त पेस गर्ने उम्मेदवारले जुन पदमा दरखास्त दिने हो उक्त दरखास्त निवेदनमा माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, ट्रान्सक्रिप्ट (विदेशी विद्यालयमा अध्ययन गरेको भए समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि), नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा काम गरेको भए सोको प्रमाण-पत्रको प्रतिलिपि, अन्य जिल्लाबाट रूपन्देही जिल्लामा बसाईसराई गरेको भएमा बसाईसराई प्रमाण-पत्रको प्रतिलिपि।

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

❖ **आवश्यक न्यूनतम योग्यताः-**

१. **प्राविधिक सहायक (प्रधानमन्त्री रोजगार कार्यक्रम) पदको लागिः-** सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको, कम्तीमा आधारभूत कम्प्यूटर सीप सम्बन्धी ३ महिने तालिम लिएको, पूर्वाधारको निर्माण र मर्मत/स्तरोन्नतिका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्रयता दिइनेछ ।

२. **स्थानीय विविध सेवा, सहायक कम्प्युटर अपरेटर पदको लागिः -** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त ।

३. **कार्यालय सहयोगी पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ उत्तीर्ण भएको ।

❖ **परीक्षा केन्द्रः-** परीक्षा केन्द्र पछि तोकिनेछ ।

**नोटः-**

१. दरखास्त फाराम, पाठ्यक्रम तथा अन्य जानकारी कार्यालयको वेभसाईट https://siddharthanagarmun.gov.np/ तथा नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । कुनै कारणवश दरखास्त पेस गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछि कार्यालय खुल्ने दिन आवेदन पेस गर्न सकिनेछ ।

२. ग्रेडिङ्ग प्रणाली लागु भए पश्चात एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरूको हकमा GPA 2 वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेकोलाइ न्यूनतम योग्यता पुरा भएको मानिनेछ ।

३. कार्यालयद्धारा तोकिएको म्याद भित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

४. लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ । वस्तुगत प्रश्न मात्र हुने परीक्षाको उत्तरपुस्तिका OMR/Manual हुनेछ ।

**पदपूर्ति समिति**